२०७५, असार
आइतबार
२४

> हामी फरक मुलुकका छौं, तर वातावरण संरक्षण र हरियाली प्रवर्द्धन अभियान एउटै हो', उहाँले भन्नुभयो- 'त्यसैले जापानी स्वयंसेवक हरेक वर्ष यहाँ आइरहेका छन्।'

# नेपाल



डा. गोविन्द केसीको जीवनरक्षा र माफियामुखी ऐनको विरोध गर्दै शनिबार माइतीघर मण्डलामा विवेकशील साझा पार्टीका कार्यकर्ता।
*तस्वीर : अनिल आङदेम्बे/काठमाडौं*

## प्रदेश सम्मेलन सम्पन्न

काठमाडौं, (नेस)

प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागको आयोजना र महान्यायाधीवक्ता कार्यालयको समन्वयमा सञ्चालित प्रभावकारी अनुसन्धान तथा अभियोजनका लागि प्रहरी र सरकारी वकिलको दुई दिवसीय पहिलो प्रदेश सम्मेलने शनिबार समापन गर्नुभयो।

उक्त अवसरमा प्रहरी महानिरीक्षक खनालले नागरिकको हकअधिकारको संरक्षण गर्दै शान्ति सुरक्षाको प्रत्याभूति दिलाउने सिलसिलामा कानुन कार्यान्वयन गराउने निकाय विभाजित भएमा विभिन्न अप्ठ्यारो र चुनौती आउने बताउँदै नागरिकको अधिकार संरक्षण गर्न एवं प्रभावकारी अनुसन्धान तथा अभियोजनका लागि सबै सरोकारवाला निकायले एकआपसमा समन्वय र सहयोग गर्दै व्यावसायिक निष्ठा एवं इमानदारिताका साथ राष्ट्रले सुम्पेको जिम्मेवारी पूरा गर्नुपर्ने उल्लेख गर्नुभयो।

अपराध अनुसन्धान तथा नियन्त्रणसँग सम्बन्धित सबै सरोकारवालाले गम्भीरताका साथ राष्ट्रले अंगिकार गरेको कानुन कार्यान्वयनमा दृढतापूर्वक अगाडि बढ्दै साधन, स्रोत एवं दक्ष जनशक्तिको विकास गर्दै लैजानुपर्नेमा उहाँले जोड दिनुभयो।

## संकट परेपछि गृहमन्त्रीसँग यातायात व्यवसायी

काठमाडौं, (नेस)

यातायात व्यवसायीले पछिल्लो समयमा देखिएका समस्याबारे गृहमन्त्री रामबहादुर थापा मगरसँग नयाँ बसपार्कमा छलफल गर्दै छन्।

युनाइटेड नेपाल ट्रान्सपोर्ट भलाइ एन्ड इन्भेस्टमेट प्रालिले आफूहरूले भोगेका समस्याबारे गृहमन्त्रीलाई बुधबार जानकारी गराउँदै छन्। प्रालिका अध्यक्ष राजेन्द्रप्रसाद तिवारीले व्यवसायीले धेरै दुःख भोगेकाले सरकार र सरोकारवाला निकायले ध्यान दिन नसकेको आरोप लगाउनुभयो। 'यातायात क्षेत्रको विद्यमान अन्योलता, चुनौती र समाधान विषयक बृहत् अन्तरक्रिया' नाम दिइएको कार्यक्रम नयाँ बसपार्कमा हुनेछ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका सचिव सुरेन्द्र सिटौलाले यातायात व्यवसायीमाथि मात्र सरकारको एकहोरो प्रहार भएकाले सरकार र सरोकारवालाबीच छलफल हुन जरुरी रहेको बताउनुभयो।

सरकारले यातायात व्यवसायीले लगाउँदै आएको सिन्डिकेट अन्त्य गरेको भन्दै आएको छ। उनीहरूले यातायात क्षेत्रमा लगानीको संरक्षणसँग स्वरोजगारको स्तरवृद्धिको आधार निर्माण गनुपर्ने, मजदुर कर्मचारीको आत्मनिर्भरतासहितको स्थायित्वको आधार निर्माण गनुपर्ने, जनजीविकाका लागि सामाजिक सुरक्षा ऐनलाई कार्यान्वयन गर्ने आधार तयार गर्नुपर्नेलगायतका माग राखेका छन्।

# हरियाली प्रवर्द्धनमा जापानी हात

**नेपाल समाचारपत्र**

काठमाडौं



नेपालको पर्यावरण र हरियाली प्रवर्द्धनमा सघाउन नेपालका लागि जापानी राजदूतसहित जापानी स्वयंसेवकले भक्तपुरको चाँगुनारायण मन्दिर आसापासको खुला क्षेत्रमा वृक्षारोपण गरेका छन्।

राजदूत साइगो मासामिचीसहित ३० जना जापानी स्वयंसेवक र नेपाली अधिकारीसमेत संलग्न टोलीले शनिबार धौलागिरी विद्यालयसँगैको पाखोमा ३ हजारभन्दा बढी बिरुवा रोप्यो। मियावाकी विधि (वृक्षरोपणमा जापानी आधुनिक विधि) अनुसरण गर्दै स्थानीय रैथाने प्रजातिका बोटबिरुवा रोपिएको हो।

कटुस, फलाट, चिलाउने, रुद्राक्ष, चाँप, काफल, पैयौं, चेतपात, कालीकाठ, खरी, लाँकुरीजस्ता प्रजातिका बिरुवा रोपिएको वृक्षारोपण कार्यक्रमका संयोजक एवं जापानका पहिलो अन्तर्राष्ट्रिय अधिवक्ता डा. बलराम श्रेष्ठले जानकारी दिनुभयो। मियावाकी विधि अनुसरण गर्दा वृक्षारोपण गर्नुभन्दा अघि वृक्षारोपण गरिने क्षेत्रको भौगोलिक अवस्थिति र वातावरणसमेत अध्ययन गरेर स्थानीय रैथाने बोटबिरुवा छनोट गरिन्छ।

रोपिएका बिरुवा छोटो अवधिमा हुर्काउन, अन्य झारपात र मिचाह वनस्पतीको संभावित अवरोध मुक्त गर्न बिरुवाबाहेकको जमिनलाई परालले ढाकिन्छ। हरियाली अभियानमा सफल र मौलिक पहिचान बनाउनुभएका जापानी प्राध्यापक इमिरेट्स आकिरा मियावाकीले अघि सार्नुभएको अभियान नै मियावाकी विधि हो। जापान, नेपाल, भारत, चीन, थाइल्यान्ड, फिलिपिन्ससहित विभिन्न ३९ मुलुकमा मियावाकी विधि अभ्यास भइसकेको छ। विश्व सम्पदा सूचीमा सूचीकृत चाँगुनारायण क्षेत्रमा जापानी अधिकारी र स्वयंसेवकले विगत ५ वर्ष अघिदेखि वृक्षारोपण गर्दै आएका छन्।

५ वर्षको अवधिमा त्यहाँ १७ हजार बिरुवा रोपिएका छन्, ती बिरुवा लगभग सबै हुर्किएका र बढेका छन्। ९ देखि १३ फिट उचाइ हाराहारीका बिरुवाले हरियाली बढाएको छ। शनिबार वृक्षारोपण गर्दा त्यहाँ पुग्नुभएका राजदूत मासामिचीले वनजंगल संरक्षण र हरियाली प्रवर्द्धन अभियान कुनै एक मुलुक र क्षेत्रमा मात्रै सीमित हुन नहुने बताउनुभयो। 'हामी फरक मुलुकका छौं, तर वातावरण संरक्षण र हरियाली प्रवर्द्धन अभियान एउटै हो', उहाँले भन्नुभयो- 'त्यसैले जापानी स्वयंसेवक हरेक वर्ष यहाँ आइरहेका छन्।'

राजदूत मासामिचीसहित दूतावासका उप-नियोग प्रमुख योसीकी, प्रदेश नं ३ का सांसद नरोत्तम वैद्य, काठमाडौं र भक्तपुरका जिल्ला वन अधिकृतद्वय रामबाबु पौडेल र फणिन्द्र पोखेललगायतका अधिकारी पनि वृक्षारोपणमा सहभागी हुनुहुन्थ्यो। वृक्षारोपणका लागि जापानको याकोहामा नेसनल विश्वविद्यालयकी प्राध्यापक फुजिवारा खाजुएसहित ३० जना जापानी स्वयंसेवक गतसाता काठमाडौं आएका छन्। चाँगुनारायण वन उपभोक्ता समितिका पदाधिकारी, आसपासका विद्यालय, जापानिज सामुराई एजुकेसन फाउन्डेसनका स्वयंसेवक पनि वृक्षारोपणमा खटिए।

जापानको ओखायामा मौरीपालन केन्द्रले सन् १९९९ यता ललितपुरको लेले, काभ्रेको रयाले र भक्तपुरका विभिन्न भेगमा वृक्षारोपण गरिसकेको छ। केन्द्रको पहलमा विगत २० वर्षको अवधिमा नेपालमा ४ लाख ६० हजार ९ सय ९१ बिरुवा रोपिएको केन्द्रको तथ्यांक छ। विगतमा परम्परागत शैलीमा बिरुवा रोपिएको भए पनि सन् २०१४ यता भने मियावाकी विधिमार्फत वृक्षारोपण हुने गरेको कार्यक्रम संयोजक श्रेष्ठले जानकारी दिनुभयो। ओखायामा केन्द्रबाट यसपटक केन्द्रका विदेश विभाग प्रमुख डा. लि च्याङ र प्रतिनिधि आकाहोसी नेपाल आउनुभएको छ।

# डिजिटल प्रविधिको युगमा सांस्कृतिक पत्रकारिताको खाँचो

**नेपाल समाचारपत्र**

ललितपुर

अहिलेको डिजिटल प्रविधिको युगमा पनि सांस्कृतिक पत्रकारिताको खाँचो रहेको सम्बद्ध व्यक्तिहरूले औंल्याएका छन्।

नेवाः पत्रकार राष्ट्रिय दबुले ललितपुर महानगरपालिकाको सहयोगमा सञ्चालन गरेको ४ दिने सांस्कृतिक पत्रकारिता तालिममा उनीहरूले सो खाँचो औंल्याएका हुन्।

तालिमको पहिलो दिन पत्रकारिता विज्ञ प्रा. रामकृष्ण रेग्मीले आजको विकसित सञ्चार प्रविधिको प्रयोग गरेर मूर्त अमूर्त संस्कृतिको समाचारलाई सम्प्रेषण गर्नुपर्नेमा जोड दिनुभयो। प्रा. रेग्मीले संस्कृति भनेको महान् मानवीय पूँजी, पुर्खाको नासो, नास्नै नहुने सिर्जना रहेको सन्दर्भमा सांस्कृतिक पत्रकारिता भनेको मूर्त संस्कृति र अमूर्त संस्कृतिबारेको ज्ञान बढाउने विधा रहेको बताउनुभयो।

एउटै संस्कृति र परम्पराको बोलीला हुँदा संस्कृतिसम्बन्धी समाचार लेख्ने अभ्यास नभएको धारणा राख्दै नागरिकलाई मध्यनजरमा राख्ने लोकतन्त्रको सिद्धान्तअनुरुप देशमा प्रचलित संस्कृतिमा ध्यान दिने क्रम चलेको बताउनुभयो। नागरिकप्रतिको सम्मानमा संस्कृतिप्रतिको सम्मान समावेश हुने उहाँको कथन रहेको छ।

सांस्कृतिक पत्रकारिता भनेको संस्कृतिलाई समाजमा पेश गर्ने विधा, राष्ट्रिय जीवन र नागरिकको अन्तरसम्बन्धमा संस्कृतिको भूमिका पहिल्याउने विधि, अनेक आयाममा विस्तार भएको संस्कृतिलाई प्रकाश पार्ने माध्यम र सूचना प्रवाहमा संसृकतिलाई स्थान दिने आधार रहेको पनि उहाँको भनाइ रहेको छ।

प्रा. रेग्मीले संस्कृतिसँग आबद्ध विषय, प्रश्न, घटना, पात्र, भाषा, प्रचलन, चुनौती, विगत, वर्तमान तथा भविष्यलाई समाजसामू राख्नुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो- 'पत्रकारले संस्कृति विषयक प्रसंगलाई सूचना, सन्देश तथा अन्य प्रस्तुतिका रुपमा भाषामा, तस्वीरमा, आवाजमा वा अनलाइनमा प्रसारण गर्नुपर्दछ।' मूल पत्रकारितामा गाँसेर वा विशेषरुपमा संस्कृतिलाई छापा, रेडियो, टेलिभिजन वा अनलाइनमा र अहिले त सामाजिक मिडियामा पनि ल्याउने कार्यलाई बढावा दिनुपर्ने रेग्मीको जोड रहेको छ।

# विकासमा नगरपालिकाबीच साझा एजेन्डासहित समन्वय आवश्यक

**पुष्कर बुढाथोकी, भक्तपुर**

जिल्लाको छिटो विकास गर्न र ठूला आयोजना सम्पन्न गर्न जिल्लाको सबै नगरपालिकाको समन्वय गर्नुपर्ने सरोकारवाला निकायका विज्ञले जोड दिनुभएको छ। क्रियाशील पत्रकार मञ्च भक्तपुरले नगरकोटमा आयोजना गरेको 'जनप्रतिनिधिको क्षमता अभिवृद्धि एवं भक्तपुरको विकासमा नगरपालिकाको समन्वय' विषयक २ दिने अन्तरसंवाद कार्यक्रममा विज्ञहरूले यस्तो बताउनुभएको हो।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य एवं पूर्वमन्त्री महेश बस्नेतले जनप्रतिनिधिले नेतृत्व, संगठन, विधि तथा प्रक्रियालाई मानेर अगाडि बढ्नुपर्ने बताउनुभयो। जिल्लाको विकासमा नगरपालिकाबिच समन्वय हुन नसके ठूला विकासको आयोजना प्रभाव पर्ने बताउँदै उहाँले आवश्यक परे ऐन, नियम, कानुन सच्याएर जान सकिने बताउनुभयो। जनप्रतिनिधि असक्षम भए जनताले फाल्ने चर्चा गर्दै उहाँले विकासका काममा जनप्रतिनिधि सफल हुनुपर्ने औंल्याउनुभयो।

कार्यक्रममा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव दिनेश थपलियाले उत्पादनमुखी, ठूला र राम्रा कार्यक्रम नगरपालिकाबिच समन्वय गरेर अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो- 'जिल्लाका नगरपालिकाले अन्तरनगरपालिकाबिच अन्तरसम्बन्ध विस्तार गर्दै साझा लगानीमा ठूला उत्पादनमुखी विकासका कार्य गरे सरकारले ५० प्रतिशतसम्म अनुदान दिन्छ। यसका लागि यहाँका सबै नगरपालिका मिलेर संयुक्त समिति बनाएर अगाडि बढे विकासले गति लिन्छ।'

एउटा नगरपालिकामा आएका पर्यटकले सबै नगरपालिका घुम्ने गरी पर्यटकीय विकासको प्याकेज र प्वाइनट बनाएर साझा एजेन्डाका साथ नगरपालिका अगाडि बढे सरकारले सघाउने बताउँदै उहाँले नगरपालिका सञ्चालनसम्बन्धी ऐन, नियम, विधि, प्रक्रियाकाबारेमा जानकारी गराउनुभयो।

कार्यक्रममा चाँगुनारायण नगरपालिकाका प्रमुख सोम मिश्रले स्थानीय तहका अधिकार दिनदिनै काटिँदै गएको प्रसंग कोट्याउँदै संघीय व्यवस्थाको परिचालनमा दुरुपयोग भइरहेको र संघीयता कार्यान्वयन चुनौती बन्दै गएको भनाइ राख्नुभयो।

## सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धनलाभ, उपहारादि वस्तु प्राप्ति, चाहेको पुग्ने सम्भावना।
**वृष** : धन खर्च, चोटपटकको सम्भावना, वादविवाद, निरर्थक खर्च।
**मिथुन** : आम्दानी, साथीभाइ-इष्टमित्रबाट सहयोग, खाद्यान्न प्राप्ति।
**कर्कट** : स्वस्थता, आनन्दको अनुभूति, कार्य सफल, सुख-सन्तोष।
**सिंह** : राजकाज, मुद्दामामिलामा झमेला, मान-सम्मानमा चोट, तनाव।
**कन्या** : शारीरिक अस्वस्थता, आर्थिक नोक्सानी, काममा बाधा।
**तुला** : धन-सम्पत्ति प्राप्ति, समस्या समाधान, पुरस्कार-सम्मान पाइने।
**वृश्चिक** : धनलाभ, सफलता, पैसा प्राप्तिको सम्भावना।
**धनु** : बाथ-वायुजन्य रोग, गर्न लागेको काममा बाधा-अड्चन, सन्ताप।
**मकर** : विवाद, पेटको स्वास्थ्य समस्या, विनाउपलब्धिको दौडधुप।
**कुम्भ** : द्रव्यलाभ, इज्जत-प्रतिष्ठामा वृद्धि, कार्य सफल, प्रसन्नता।
**मीन** : नोक्सानी, मानसिक चञ्चलता, निरर्थक धन र समयको बरबाद।